जनहितमा जारी

बाहिर निस्कँदा अनिवार्यरुपमा मास्क प्रयोग गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन ०१ गते शनिवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2021 February 13 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६९

## भारतीय बालुवा तस्कर र सशस्त्र प्रहरीबीच झडप

प्रस, सेढवा, ३० माघ/

नेपाली भूमिबाट बालुवा उत्खनन गरिरहेका भारतीय टचाक्टरलाई नियन्त्रणमा लिन खोज्दा सशस्त्र प्रहरी तथा भारतीय बालुवा तस्करहरूबीच झडप भएको छ। झडपमा दुईजना सशस्त्र प्रहरी घाइते भएका छन् ।

तस्करहरूको आक्रमणमा परी सशस्त्र प्रहरी जवान नरेश यादव र आयुष यादव घाइते भएको र उनीहरूको उपचार नारायणी अस्पताल वीरगंजमा भइरहेको छ।



पर्साको जगरनाथपुर गाउँपालिका–१ पिपडाढीमा पर्ने ओरिया खोला। तस्वीरः प्रतीक

पर्साको जगरनाथपुर गाउँपालिका–१ पिपडाढीमा पर्ने ओरिया खोलामा भारतीय तस्करहरूले बालुवा उत्खनन गरिरहेका बेला शुक्रवार बिहान ६ बजे सशस्त्र प्रहरी आउट पोस्ट महादेवपट्टि र पिडारीगुठीको संयुक्त टोली पुगेर तीनवटा टचाक्टरलाई नियन्त्रणमा लिई ल्याउने क्रममा खोलामा टचाक्टर फसेपछि नजीकै रहेको भारतीय गाउँ गदियानी भङ्गाहाका स्थानीयहरूको हुल आई टचाक्टर छुटाउन खोज्दा झडप भएको थियो ।

भारतीयहरूले सशस्त्र प्रहरीमाथि बाँसका भाठा, बेल्चा तथा ढुङ्गा हान्न थालेपछि दुईजना सशस्त्र प्रहरी घाइते भएका हुन् । झडपपछि भारतीयहरूले टचाक्टर लगेको सशस्त्र प्रहरीले जनाएको छ । भारतीय पक्षले वर्षौंदेखि नेपाली भूमिमा प्रवेश गरी नदीजन्य पदार्थ उत्खनन गरी लैजाने गरेको कारण सो स्थानमा पटक–पटक विवाद हुँदै आएको छ ।

## भ्रष्टाचारविरुद्ध उजूरी गर्नेमा रौतहट तेस्रो स्थानमा -सुवेदी

प्रस, रौतहट, ३० माघ/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका प्रमुख रामबन्धु सुवेदीले भ्रष्टाचारको उजूरीमा रौतहट तेस्रो स्थान रहेको बताएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको आयोजनामा 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख सुवेदीले प्रदेश नं २ का आठ जिल्लामध्ये रौतहट भ्रष्टाचारविरुद्ध उजूरी गर्नेमा तेस्रो स्थानमा रहेको बताए । सबैभन्दा बढी उजूरी धनुषा त्यसपछि सिराहा र तेस्रो स्थानमा रौतहट रहेको उनले स्पष्ट पारे ।

सो क्रममा उनले उजूरीको प्रकृति, उजूरीहरूको फछ्र्योटमा देखिएका समस्याहरू, सुशासन प्रवर्द्धनमा स्थानीयहरूको भूमिका, भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनमा वर्तमान चुनौतीबारेमा जानकारी गराएका थिए।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामएकबाल राय यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा परोहा नगरपालिकाका प्रमुख शेख वकीलले भ्रष्टाचार नियन्त्रण गर्न माथिदेखि लाग्नुपर्ने सुझाव दिए। माथिल्लो निकाय ठीक भए तल्लो निकायले भ्रष्टाचार गर्न नसक्ने उनले जिकिर गरे।

कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहाले प्रत्येक स्थानीय



तस्वीरः प्रतीक

तहमा अन्तर्क्रिया गर्नुपर्ने सुझाव दिएका थिए । गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले जनताको इच्छा र आकाङ्क्षाअनुरूप काम गर्दै आए पनि चुनाव हारेकाहरूले उजूरी दिई मानसिक तनाव दिने गरेको बताए ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना भएको ३० वर्ष भएको बताउदै ३४ प्रतिशत उजूरी स्थानीयको रहेको बताए। उजूरी परेपछि निराकरण हुँदै जाने उनले बताए। प्रक्रिया नपुगेका उजूरीहरूको बारेमा अनुसन्धान हुँदै फछ्र्योट हुने बताउँदै उनले बाँकी रहेका उजूरी पनि सर्दै जाने बताए। यस आर्थिक वर्षको ७ महीना बितिसक्दा पनि कतिपय स्थानीय तहको परिषद् नभएको पनि उनले बताए । परिषद् नगर्ने स्थानीय तहको बजेट कटौतीको व्यवस्था गर्न उनले आग्रह गरे ।

कोष तथा लेखा नियन्त्रण कार्यालय गौरका प्रमुख ईश्वरीप्रसाद ढकालले निजी तथा सहकारी संस्थालाई पनि भ्रष्टाचारको छानबिनको दायरामा ल्याउनुपर्ने बताए।

मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले बोलपत्रमा कम दररेट राख्दा स्वीकृत गर्ने कि नगर्ने जस्ता प्रश्न गरेका थिए।

पत्रकार प्रभात झाले पुरानो योजना अधूरो रहेकाले त्यसप्रति ध्यान जानुपर्ने सुझाव दिए ।

## १५ वर्षीया किशोरीको शङ्कास्पद मृत्यु

प्रस, पोखरिया, १ फागुन/

पर्सा जिल्ला पोखरिया–९ बैरियाबिर्ताका बलि मुखिया बिनकी १५ वर्षीया छोरी रिङ्कु कुमारीको गएराति शङ्कास्पद मृत्यु भएको छ ।

शुक्रवार बिहान इलाका प्रहरी कार्यालय पोखरियालाई उपचारको क्रममा मृत्यु भएको बताइए तापनि रिङ्कुको मृत्यु शङ्कास्पद भएको पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले बताए । गएराति अचानक स्वास्थ्यमा गडबडी भएपछि उपचारको क्रममा पोखरिया अस्पतालमा रातिको समयमा उनको मृत्यु भएको थियो ।

प्रहरीको अनुसार मृत्यु भएपश्चात् शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंजमा पठाइएको र विस्तृत रिपोर्ट आएपछि थप कुरा खुल्ने बताइएको छ।

गाउँलेका अनुसार ती किशोरी गाउँकै एकजना केटासँग प्रेम सम्बन्धमा रहेको र गर्भावस्थामा रहेको कुरा परिवारजनले थाहा पाएपछि उनको हत्या भएको आशङ्का गरिएको छ ।

## घरभित्रै महिलाको हत्या गर्ने दुईजना आरोपी पक्राउ

प्रस, परवानीपुर, ३० माघ/

बाराकी कान्तिदेवी कुशवाहाको हत्या प्रकरणमा बारा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बारामा आयोजित पत्रकार सम्मेलनमा हत्याका अभियुक्तहरूलाई पक्राउ गरेको जानकारी गराइएको छ ।

महागढीमाई नगरपालिका वडा नं १ बरियारपुर (मठवा टोल)की ४८ वर्षीया कान्तिदेवी कुशवाहाको गत माघ २५ गते राति १० बजे हत्या भएको थियो। सोही प्रकरणमा प्रहरीले बारा, महागढीमाई नगरपालिका वडा नं १ बरियारपुर (कचहरी टोल)का ४२ वर्षीय लालबाबूप्रसाद कुशवाहा र कान्तिदेवी कुशवाहाका छिमेकी वर्ष ४८ की धनेश्वरीदेवी कुशवाहालाई पक्राउ गरेको जनाएको छ ।

घटना भएपछि बाराका प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले बाराका प्रनाउ गौतम मिश्रको संयोजकत्वमा ९ सदस्यीय छानबिन टोली गठन गरेका थिए भने प्रदेश २ प्रहरी कार्यालयले प्रनाउ ज्ञानकुमार महतोको कमान्डमा छानबिन टोली गठन गरी अनुसन्धान गर्दा हत्याका आरोपीहरू पहिचानमा आएको प्रहरीले दाबी गरेको छ। बारा प्रहरीका अनुसार अनुसन्धानको क्रममा ३२ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिएको थियो ।

घटना भएको भोलिपल्ट धनुषा, लालगढबाट अनुसन्धानका लागि कुकुर मगाएर सूक्ष्म अवलोकन गरिएको थियो भने वारदातस्थलबाट फेला परेको रातो गम्छा र औंठीको विषयमा उक्त गाउँमा जसजसलाई सार्वजनिक अष्ठयाम पूजामा गम्छा बाँडिएको थियो, प्रत्येकसँग सोधपूछ गरिएको थियो । लालबाबू पहिलेदेखि आपराधिक घटनामा संलग्न भएको र धनेश्वरी देवीको पीडित परिवारसँग जग्गा तथा सम्पत्तिको विषयमा पहिलेदेखि विवाद रहेकोले दुवैको योजनामा उक्त घटना घटाइएको पत्रकार सम्मेनलमा बारा प्रहरीले स्पष्ट पारेको छ। घटनाबारे आरोपितहरू स्वयंले स्वीकारसमेत गरिसकेको अवस्थामा उनीहरूले नै कान्तिदेवीको हत्या गरेको पुष्टि भइसकेको बाराका प्रहरी प्रवक्ता प्रनाउ गौतम मिश्रले बताए । पक्राउ परेका लालबाबूले २०५९ देखि २०६१ सालसम्म डाँका मुद्दा ३, हातहतियार तथा खरखजाना मुद्दा १ र सार्वजनिक अपराध मुद्दा १ मा पक्राउ परी सजायसमेत भोगिसकेका छन् ।



पक्राउ परेका दुवैजनालाई सार्वजनिक गर्दै प्रहरी । तस्वीरः प्रतीक

## सरकारको नजरमा हामी खलनायक तर हामी नायक हौं -गोल्छा

प्रस, जीतपुर, ३० माघ/

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष शेखर गोल्छाले



प्रमुख अतिथि गोल्छाद्वारा भवनको उदघाटन र सम्मान गर्दै। तस्वीरः ऋषि सहनी

सरकारले उद्योगीलाई खलनायकको नजरले हेर्ने गरेको र व्यवहार पनि त्यस्तै गर्ने गरेको बताएका छन् ।

जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुरस्थित जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको नवनिर्मित भवनको उद्घाटन गर्दै उनले उद्योगी देशको सच्चा नायक भएको बताए ।

उनले उद्योगीको राजस्वले मुलुक सञ्चालन भइरहेको बताउँदै जीतपुरसिमरा एउटा औद्योगिक उत्पादन गर्ने शक्ति हो र मुलुकको आवश्यकतामा उल्लेखनीय योगदान दिएको बताए । देशभरि सबैभन्दा बढी राजस्व तिर्ने सूर्य नेपाल रहेको र सबैभन्दा बढी विद्युत् महसूल बुझाउने जगदम्बा स्टील पनि जीतपुरसिमरामा रहेको बताए । उनले उद्योगीलाई नायकसरहको व्यवहार गर्दै नीति निर्माण गर्नु सरकारको दायित्व भएको बताए ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका शोभाकर पराजुली, नारायणी रायमाझी, कृष्णावर्त सिंह, उद्योगपति गणेश लाठ, श्यामबाबू गुप्ता, वडाध्यक्ष रामबाबू गुप्तालगायतले मन्तव्य राखेका थिए ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जयकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संस्थापक अध्यक्ष घनश्याम गिरी र सञ्चालन वरिष्ठ उपाध्यक्ष मोहन शर्माले गरेका थिए ।

भवन निर्माणको लागि निश्शुल्क जग्गा दिने जग्गादाता कोलोनीका सञ्चालक अध्यानन्दप्रसाद कलवार तथा निर्माण सामग्री र आर्थिक सहयोग गर्ने २१ जना उद्योगी, व्यापारीलगायतलाई प्रमुख अतिथि गोल्छाले सम्मान गरेका थिए ।

## छोटकरी

### मन्दिरमा चोरी

प्रस, सेढवा, ३० माघ/

जगरनाथपुर गाउँपालिका–४ पूर्व टोलमा रहेको रामजानकी मन्दिरबाट लाउडस्पीकर र एम्लिफायर चोरी भएको छ । मन्दिरको ताल्चा फोडी भजन तथा धार्मिक गीत बजाउन राखिएको रु २५ हजार मूल्यबराबरको लाउडस्पीकर र एम्प्लिफायर चोरी भएको स्थानीय धर्मेन्द्र चौधरीले बताए।

## रिलिफको उपाध्यक्ष, सचिव र सदस्यमा रूँगटा, चौधरी र जालान निर्वाचित

प्रस, वीरगंज, ३० माघ/

रिलिफ सोसाइटी अफ कमर्स वीरगंजको शुक्रवार बैठक सम्पन्न भएको छ ।

सोसाइटी भवनमा भएको बैठकले रिक्त पद उपाध्यक्ष, सचिव र कार्यसमिति सदस्यमा क्रमशः नारायण रूँगटा, रमेश चौधरी तथा मुरली जालानलाई निर्वाचित गरेको छ ।

सो पदमा तीनजनाको मात्र उम्मेदवारी मनोनयनपत्र दर्ता भएकाले उनीहरू निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत बालमकुन्द खरेलले जानकारी गराए ।

कार्यक्रममा निर्वाचनसम्बन्धी घोषणा, शपथग्रहण तथा पदस्थापना आगामी वार्षिकसभा फागुन ६ गते हुने निर्वाचन अधिकृत खरेलले बताए।

## आवश्यकता

निम्न क्षेत्रमा यस दैनिकको लागि केही संवाददाता आवश्यक भएकाले इच्छुक महानुभावले आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

१) वीरगंज महानगरपालिका
२) बहुदरमाई नगरपालिका
३) धोबिनी, कालिकामाई, छिपहरमाई, पकाहामैनपुर, विन्ध्यवासिनी, जगरनाथपुर गाउँपालिका
४) कलैया र जीतपुरसिमरा उपमहानगरपालिका
५) जनकपुर उपमहानगरपालिका
६) चन्द्रपुर नगरपालिका
७) लहान नगरपालिका
८) बर्दिवास नगरपालिका ।

प्रतीक प्रकाशन समूह प्रा. लि.

वीरगंज–११, पर्सा, फोन नं.: ०५१–५२५१२२, इमेलः prateekdaily@gmail.com

**मुस्कुराउने कलाले आधा बोझ हल्का हुन्छ ।**

**-विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# गोलभेंडाले बजार पाएन

**गोलभेंडालाई हरियो तरकारीमध्येको रानी मानिन्छ । शाकाहारी हुन् या मांसाहारी तरकारी, गोलभेंडाको प्रयोग उत्तम हुन्छ। तरकारी, सलाद, अचारमा प्रयोग हुने गोलभेंडाको मूल्य चरम चुलीमा पुगोस् या सस्तो भएर वालछाल होस्, उपभोक्ताले खोजिरहेकै हुन्छन् । यो बान्हैमास प्रायः सबैखाले उपभोक्ताले चाहने गोलभेंडा भने बजारमा केही महीनाबाहेक सहज र सुलभ उपलब्ध छैन । उक्त समयमा विदेशबाट आयात गरिएको हाइब्रिड गोलभेंडा उपभोग गरेर चित्त बुझाउन उपभोक्ता बाध्य छन् । पकाउँदा नपाक्ने, खाँदा स्वाद नआउने तर दाम भने महँगो पर्ने, आयातित गोलभेंडाको विशेषता गज्जबको छ । त्यही गोलभेंडामा स्वदेशी मुद्रा बाहिरिरहेको हुन्छ। नेपालमा गोलभेंडा प्रशस्त उत्पादन हुन्छ। तर केही महीना मात्रै । उत्पादन हुने बेला जताततै हुने, नहुने बेला कतै पनि नहुने समस्या हामीसँग छ ।**

**उपभोक्ताको भन्दा उत्पादकको झन् ठूलो समस्या छ । यतिबेला सर्लाहीका किसानहरूलाई गोलभेंडाले मूल्य नपाएर चिन्ता छ । गोलभेंडाका लागि मुलुकमा नै नाम चलेको लालबन्दीलगायत ईश्वरपुर, हरिवन, वाग्मती नगरपालिका क्षेत्रका किसानहरूले गोलभेंडा खरीदकर्ता व्यापारी पाइरहेका छैनन्। त्यहाँ पुग्ने केही व्यापारीले पनि प्रतिकिलो १५ रुपैयाँभन्दा बढी मूल्य दिइरहेका छैनन् । बढी मूल्य देओस् पनि किन ? यतिबेला जताततै गोलभेंडा छ । पर्सा, बारा, चितवन, मकवानपुर जताततै किसानको खेतमा गोलभेंडा पाकिरहेको छ। हरेक स्थानलाई स्थानीयस्तरमैं पूर्ति हुने भएपछि किसानको सीमित पहुँच भएका केही बजारमा मागभन्दा पूर्ति बढी भइरहेको छ । आवश्यक वस्तु पर्याप्त मात्रामा पूर्ति भएमा त्यहाँ न्हासोन्मुख प्रतिफल शुरू हुन्छ र वस्तुको मूल्य ओरालो लाग्छ । गोलभेंडाको मूल्य कम हुँदा लगानीसमेत नउठ्ला भन्ने किसानको चिन्ता छ । तराई–मधेस क्षेत्रमा खासगरी गोलभेंडाको उत्पादन मङ्सिरदेखि शुरू भएर चैतसम्म झाङ्गिन्छ। माघ महीना गोलभेंडा उत्पादनको मध्यावधि मानिन्छ। हरेक वर्ष यस बेला गोलभेंडा प्रचुर उत्पादन हुने भएकोले मूल्य कम हुन्छ। उत्पादनको शुरू र अन्तिम महीनामा मूल्य उच्च हुने हो । यही दुई अवधिलाई मध्यनजर गरी गोलभेंडा लगाइन्छ। तर कतिपय किसानको खेतमा मङ्सिरमा उत्पादन हुँदैन अनि चैतसम्म बस्दैन । यस अवस्थामा भने किसानको लगानी डुब्न सक्छ ।**

**सरकार र योजना निर्माणकर्ताहरूले बुद्धि पुऱ्याइदिने हो भने समस्या होइन, अवसर नै अवसर छ। मुलुकमा गोलभेंडा उत्पादन नहुने क्षेत्र धेरै छ। कतिपय नगरक्षेत्रमा पनि तरकारी उत्पादन न्यून हुन्छ । तर त्यहाँसम्म किसानको सहज पहुँच छैन । बजार व्यवस्था राम्रो हुने हो भने किसानको खेतमा गोलभेंडा कुहिँदैन । यसो भएमा गोलभेंडा उत्पादन नहुने क्षेत्रका बासिन्दाले सहुलियत मूल्यमा उपभोग गर्न पाउनेछन् भने उत्पादकले राम्रो मूल्य पाउनेछ। अर्को पनि उपाय छ। गोलभेंडालाई पछिसम्म अर्थात् बेमौसममा पनि प्रयोग गर्ने विधि अपनाउन सकिन्छ। गोलभेंडा धेरै उत्पादन हुने बेलामा त्यसको अचार, सस र पाउडर बनाएर पछिसम्म र दूरदराजसम्म बिक्री गर्न सकिन्छ । यसो गर्दा उपभोक्ता र उत्पादनकर्ता दुवै फाइदामा पर्छ । त्यो सीप, उत्पादन तथा उद्योग सञ्चालनको लागि तीन तहमध्ये कुनै पनि तहले आँट गर्न सकिन्छ। तर त्यसको लागि जोश, जाँगर, योजना तथा दूरदृष्टि भएको जनमैत्री प्रतिनिधि हुनुपर्छ ।**

# सुखमय जीवनका सातवटा टिप्स

**स्वतन्त्र विचार**



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**त्यसैले खुशीमय जीनव व्यतीत गर्नको लागि देशमा यस्तो सरकार चाहिन्छ, जुन भ्रष्टाचारमुक्त होस्, विकासमुखी होस्, नातावादबाट मुक्त होस्, पारदर्शी होस् । सदैव प्राथमिकतामा देशको विकासलाई राख्ने होस् ।**

आज बिहान एकजना विद्वान् मित्रले सुखमय जीवनको लागि सातवटा टिप्स पठाउनुभयो । टिप्स हेर्दा बडो आकर्षक तथा घतलाग्दो थियो । एकछिन टिप्समैं घोरिए । हिजोआज सामाजिक सञ्जालमा सबै कुरा उपलब्ध छन् । एक क्लिक गर्ने बित्तिकै स्क्रिनमा जादूगरको जिनजस्तै उपलब्ध भइहाल्छ । कुनै मेहनत गर्नुपर्दैन । मानवद्वारा कल्पना गरिएको सरस्वती कसैले आजसम्म देख्न नपाए तापनि मानवद्वारा निर्मित गूगल सबैको हातहातमा छ । भनिन्छ, गूगलसँग संसारको यस्तो कुनै प्रश्न छैन, जसको ऊसँग जवाफ छैन । जबकि यसमा सच्चाइ कम र अतिशयोक्ति बढी छ । तर वास्तविक अवस्था यो हो कि यतिबेला विविध विधामा ज्ञान आर्जन गर्न निकै नै सुविधायुक्त भएको छ । मलाई लाग्छ जीवन खुशीमय बनाउने टिप्स पनि गूगलबाटै तानिएको होला ।

पहिलो टिप्सको रूपमा छ– कहिले घृष्णा नगर्नु । यो वाक्य पहिलोचोटि सुनिएको होइन । महात्मा गौतम बुद्धदेखि संसारका सबै धर्मशास्त्रको सार नै यही हुनुपर्छ– सबैसँग प्रेम गर, घृणालाई त्याग गर । सुखको एकमात्र मन्त्र यही नै हो । वास्तवमा माया र घृणा एकअर्काका परिपूरक शब्द हुन् । घृणा भन्ने शब्द नहुने हो भने कसैले पनि मायालाई महत्त्व दिने थिएन । जहाँसम्म घृणाको कुरा छ, त्यो कसैले उपदेश दिएर वा कुनै शास्त्रमा पढेर छोड्ने कुरा होइन । यस कुराको ठोकुवा गर्न सकिन्छ । झन्डै ६ महीनादेखि देशको कमान सम्हालेको प्रमुख सत्ताधारी दल नेकपाको आन्तरिक खिंचडी जति पकाउँदा पनि पाकेन । पुस ५ गते नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले संसद् विघटन गरेपछि बल्ल नाटकमा रोमाञ्चक दृश्यहरूको पटाक्षेप हुन पुग्यो । यतिबेला लाखौंलाख रुपैयाँ खर्च गरेर ओली र माधव–प्रचण्ड समूहले काठमाडौंमा पटक–पटक सडक प्रदर्शन तथा आमसभा गरिरहेका छन् । दुवै समूहको आमसभामा कार्यक्रम अवधिभर घृणा नै घृणा एकअर्काविरुद्ध फैलाउने काम भइरहेका छन् । दुवै समूहका प्रखर वक्ताहरूले एकअर्कालाई चोर, ठग, अपराधी, प्रतिक्रान्तिकारी, प्रतिक्रियावादी, विदेशी शक्तिराष्ट्रहरूको दलाल जस्ता निकृष्ट शब्दहरूको प्रयोग गरिरहँदा पक्कै पनि यसले प्रेमको वर्षात् गरेको छैन ।

काठमाडौंमा केही हजारको जुलुसलाई लाखौंलाखको जुलुस बताउने यी दुवै समूहले आफ्नो उद्देश्य पनि बताउने गरेका छन् । उनीहरूले आफूहरू कुर्सीको लागि नलडेको बरु सुखी नेपाली समृद्ध नेपालको सपना साकार पार्न यी सबै गरेको बताउने गरेका छन् । यहाँनेर प्रश्न उठ्छ के ओली र प्रचण्ड–माधव समूहले एकअर्काको खोइरो खनेर नेपाली जनता सुखी र नेपाल समृद्ध हुने हो ?

टिप्समा दोस्रो बुँदा छ– चिन्ता नगर्नु । चिन्ताको बारेमा हाम्रो समाजमा धेरै प्राचीन अनुभव छ । सामाजिक अनुभूतिले हजारौं वर्षदेखि भन्दै आइरहेको छ कि चिन्ताले चिताको बाटो (श्मशानको बाटो) पहिल्याउँछ । अर्थात् चिन्ताले मृत्युको बाटोमा पुऱ्याउँछ । सोझो अर्थमा भन्ने हो भने चिन्ता त्यो शत्रु हो, जसले मान्छेलाई क्रमशः मन्द विषझैं मार्ने गर्दछ । त्यस कारण आधुनिक चिकित्सा विज्ञानले पनि आफ्ना बिरामीहरूलाई भन्छ– चिन्ता नगर्नुस् नत्र रक्तचाप र चिनी बढ्छ साथै हृदयाघातको सम्भावनालाई पनि बढाउँछ ।

यस्तोमा प्रश्न उठ्छ, चिन्ता नगर्ने कुनै मानिस छ यस धर्तीमा ? जोसँग शक्ति (धन, पद, पैसा) छैन, तिनीहरूलाई त्यसको आर्जन कसरी गर्ने भन्ने चिन्ता छ र जोसँग शक्ति छ, उनीहरूलाई त्यो शक्ति कसरी जोगाउने भन्ने चिन्ताले सताइरहेको छ । अर्थात् यो संसारमा दुई प्रकारका मानिस छन् । पहिलो शक्ति भएको र दोस्रो नभएको । सोझो अर्थमा यसलाई यसरी पनि बुझ्न सकिन्छ, वर्तमान प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीसँग यतिबेला जुन शक्ति छ, त्यसलाई कसरी अर्को पाँच वर्षसम्म वा जीवनभर आफूमैं राखिराख्ने चिन्ता रहेको सबैले स्पष्ट देखेकै हो । त्यसैगरी, कुनै बेला प्रधानमन्त्री रहेका माधव, झलनाथ र प्रचण्ड फेरि कसरी शक्तिमा पुग्ने भन्ने चिन्ताले गर्दा नै आज काठमाडौंमा जनप्रदर्शन नामक नाटक पटक–पटक मञ्चन भइरहेको छ । कैयौं चिन्ताबाट यिनीहरू कहिले मुक्त होलान् ?

तेस्रो बुँदा– सादा जीवन । जहाँसम्म सादा जीवनको कुरा छ, त्यो जनताको लागि (गरीब, सर्वहारा तथा मध्यमवर्ग) सधैंभरि सही नै हो । उनीहरूको घरमा न त एसी छ, न महँगो लैन्डक्रुजर जस्तो चार पाङ्ग्रे गाडी । न त उनीहरू पाँचतारे होटल जान्छन् । वास्तवमा सामान्य भात, ढिडो, गुन्द्रुक, तरकारी, दालमैं जीवन गुजारा गरिरहेका जनतालाई जाडोमा धेरै जाडो र गर्मीमा धेरै गर्मी हुन्छ । तर जनताको नाममा नेता बनेका शासक र प्रतिपक्ष, विकासको नाममा मालिक बनेका दलाल, पूँजीपतिहरूलाई जाडो के हो ? गर्मी के हो ? थाहा छ ? आफैंले नेपाल बन्द गरेको दिन पनि पैदल हिंड्न नसक्ने, लैन्डक्रुजर नै चाहिने हाम्रा नेताहरूको जीवनशैली साधारण छ कि रङ्गीन छ ? सबैले छर्लङ्गै देखेकै छन् ।

चौथो बुँदा छ– जे छ त्यसैमा सन्तुष्ट हुने अर्थात् थोरैमा सन्तुष्ट हुने । यो कुरो ज्ञान र विकास दुवैको विरोधी कुरा हो । मान्छे बयलगाडामा सन्तुष्ट भएको भए रकेट बन्ने थिएन । कच्ची घर, गोरेटो बाटो, पिछडेको गाउँमैं मान्छे सन्तुष्ट रहेको भए पक्की सडक, पक्की घर र विकसित शहरहरू बन्ने थिएनन् । त्यसैले सुखको लागि सन्तुष्ट होइन असन्तुष्ट हुनुपर्छ । यसको मतलब यो होइन कि आफ्नो सुखको लागि अरूको सुख बर्बाद गरिदिने ।

पाँचौं बुँदा छ– माया बाँड, हाँसो बाँड । यो कुरा भन्न जति सजिलो छ, गर्न त्यत्ति नै गाऱ्हो छ । मान्छेले मान्छेलाई अथवा समाजलाई माया र हाँसो तब मात्रै बाँड्न सक्छ, जब उसको अनुकूल परिस्थिति हुन्छ । प्रतिकूल अवस्थामा कसैले पनि माया र हाँसो बाँड्न सक्दैन । युरोपेली काल्पनिक कथाहरूका पात्रहरूले मात्रै प्रतिकूल अवस्थामा पनि माया र हाँसो बाँड्न सक्छन् होइन भने जीवित मानव समाजमा यो सम्भव नै छैन । छल, प्रपञ्चले भरिएको राजसत्ता र राजनीतिमा कसरी माया र हाँसो बाँड्ने ? त्यसैले जतिपटक सत्ता बदले पनि जनताको भागमा कटुता र आँसुबाहेक आजसम्म केही पनि आएको छैन ।

सातौं बुँदा छ– ईश्वरको सम्पर्कमा रहनुस्, अर्थात् मन्दिरमा जाऊ, पुजारीलाई दक्षिणा देऊ अनिमात्र खुशी रहनेछौं । जहाँसम्म ईश्वरको कुरा छ मेरो विचारमा नभएको ईश्वरको सम्पर्कमा कसरी रहने ? ईश्वरको सम्पर्क गराउने एजेन्टको रूपमा गुरु, पुरोहित, साधुसन्त, पादरी, मौलवी आदिको व्यवस्था धर्मशास्त्रहरूमा छ । तर यहाँ प्रायः आशाराम मार्का गुरुहरू छन्, जसले ईश्वरको नाममा धन, मन, तनको शिकार गरेर चरम सुख प्राप्त गरेका छन् । अनि यस्तोमा कसरी ईश्वरको सम्पर्कमा रहने ? विष्णुको अवतार नै आफूलाई ठान्ने र मान्न लगाउने राजाहरूको वंश नाश हुँदा ईश्वर कहाँ थिए ? त्यसैले खुशीमय जीनव व्यतीत गर्नको लागि देशमा यस्तो सरकार चाहिन्छ, जुन भ्रष्टाचारमुक्त होस्, विकासमुखी होस्, नातावादबाट मुक्त होस्, पारदर्शी होस् । सदैव प्राथमिकतामा देशको विकासलाई राख्ने होस् ।

## वीरगंजमा पनि ल्होसार मनाइयो

प्रस, वीरगंज, ३० माघ/

वीरगंजमा तामाङ समुदायले पनि २८५७औं सोनाम ल्होसार पर्व मनाएका छन् ।




तस्वीरः सौजन्य

टासी साङ्ग थावार्लिङ्ग बौद्ध गुम्बा समिति भिस्वा वीरगंजले कला, संस्कृति र परम्पराको जगेर्ना गरौं नाराका साथ आआफ्नो भेषभूषामा सजिएर वीरगंज नगरपरिक्रमा गरेका थिए ।

समितिका अध्यक्ष रामबहादुर लामाको नेतृत्वमा माईस्थानबाट ऱ्याली

(बाँकी पाँचौं पातामा)

## बारामा ट्राफिक सचेतना कार्यक्रम

प्रस, वीरगंज, ३० माघ/

ट्राफिक प्रहरी कार्यालय बाराले हुलाकी राजमार्ग अन्तर्गत लङ्गडाचोकमा ट्राफिक सचेतना कार्यक्रम गरेको छ ।



ट्राफिक नियमबारे सम्झाउँदै ट्राफिक प्रहरी । तस्वीरः सौजन्य

अस्थायी ट्राफिक पोस्ट लङ्गडाचोकका इन्चार्ज प्रहरी सहायक निरीक्षक दीपककुमार बस्नेतले चालक र यात्रीलाई फूल दिंदै ट्राफिक नियमबारे जानकारी गराएका थिए ।

चालकहरूलाई फूल थमाउँदै प्रसनि बस्नेत, हवल्दार धर्मेन्द्र झा र रामपुकार पाण्डेले जथाभावी बाटो नकाट्न, सवारीसाधन तीव्र गतिमा नचलाउन, हेलमेटको अनिवार्य प्रयोग गर्न, ब्लुबूक र लाइसेन्स साथमा लिएर हिंड्न अनुरोध गरेका थिए ।

## सञ्जय साह मित्रको लेख पढेर

**पाठक प्रतिक्रिया**

२९ गते प्रतीकमा सञ्जय साह मित्रको लेख 'विज्ञान र महिलाको पहुँचको अवस्था' पढें । विज्ञानमा पहुँचको त कुरै छाडौं सामान्य शिक्षामा महिलाको पहुँच कस्तो रहेछ भन्ने प्रश्न त स्वयम् सम्पादकज्यूले आफ्नो सम्पादकीयमा उठाइदिएका छन् । जहाँ विद्यालयमा शौचालय छैन, त्यहाँ महिला विद्यार्थी विद्यालय जाने वा नजाने अवस्था विद्यमान छ भने विज्ञानमा पहुँच त त्यसपछिको कुरा हो ।

'बेटी बचाऊ, बेटी पढाऊ' को खाता पनि बन्द गरिएको छ, जसले महिला र अभिभावक दुवैको उत्साह बढाएको थियो । त्यो बन्द हुने भनेको उत्साह पनि मर्ने नै भयो । युगको मानसिकता अवश्य बदलेको छ । बाबाहरूले छोरी पटक्कै नपढाउनेबाट बुबाहरूले अवश्य पढाउने स्थितिमा आएका छन् । त्यस स्थितिका उत्प्रेरकलाई सम्पादकज्यूले राम्ररी बताइदिएका छन् ।

केवल साइकिल वितरणको होडबाजी उत्प्रेरक बन्दैन । चेलीबेटीको उपस्थितिको अनुगमन र उनीहरूको सुरक्षाको प्रत्याभूति पनि नितान्त जरुरी छ । लेखकले आफ्नो कुरा राख्नुभन्दा पहिले नै अन्धविश्वासको कुरा उठाएर अध्यात्म पनि विज्ञान हो भनेका छन तर साथै दिनहुँ गलत साबित हुने विज्ञान पनि अन्धविश्वास हो जस्तो बेतुकको कुरा उठाइदिएका छन् ।

यसमा मेरो भनाइ यो छ कि अध्यात्म प्रश्नविनाको विज्ञान हो भने विज्ञान प्रश्नैप्रश्नको अध्यात्म हो । अध्यात्म श्रद्धाको विज्ञान हो, जसमा प्रश्न हुँदैन । तर अन्धविश्वास त्यो पनि होइन । बुद्धले त्यहाँ पनि विश्वास नगरेर गुरु फेर्दै गए तर श्रद्धा फेरेनन् । विज्ञान प्रश्नैप्रश्नको अध्यात्म हो र प्रश्नको अन्त छैन । एउटा प्रश्नको उत्तर कुनै आविष्कारमा टुङ्गिन्छ तर अर्को प्रश्न बाँकी नै रहन्छ । त्यो अन्धविश्वास कदापि होइन । त्यसमा बाँकी प्रश्न अगाडि आउँछ र अर्को आविष्कार हुन्छ । त्यो पनि अन्धविश्वास होइन र यसरी विज्ञान पनि नेती–नेतीमा पुग्छ, जसको घोषणा अध्यात्मले पहिले नै गरिसकेको छ । यही आएर विज्ञान र अध्यात्म एकाकार हुन्छन् । अर्थात् नेती–नेती ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नक्कली पहाडले गराउने सक्कली अनुभूति

रौतहटको गुजरा नगरपालिकाको चोंचामा रहेको गुजरा फन पार्क गन्तव्य हो। गरुडाबाट निस्केर झन्डै सोझो हुने नहर नसमात्दासम्म अनगिन्ती मोडहरूको ग्रामीण बाटो गुड्दा अलिकति पनि लाग्दैनथ्यो कि नगरपालिकाको बाटो पनि यस्तो हुन्छ। धूलो र माटोका सडकहरू नाघ्दै अगाडि बढ्दैछौं। एउटा मोडमा मैले स्कूटर रोकेर देखाउँछु– “ऊ... त्यो अलिकति माटो भत्केको र खाल्डो परेको ठाउँ छ, त्यहाँ नै लमाहा नदीमा नहर मिलाइएको छ। नहरलाई खोलामा मिलाइएको हो। अधिकांश ठाउँमा नहर खोलाबाट निकालिन्छ तर यहाँ नहरलाई खोलामा मिसाइएको छ। हो, यो नहर जहाँबाट वाग्मती मूल नहरबाट छुट्याइएको छ, हामी त्यहाँ पुग्दछौं अहिले। मैले देखाउनुपर्ने कारण यहीं हो।”

अनि हुइँकिन्छौं। साथीहरू अगाडि बढिसकेका छन्।

नजीकै एउटा मोड छ। मोडले त्यहीं नहरको किनारमा पुर्‍याउँछ, जसलाई नजीकैको खोलामा विसर्जन गरिएको छ। त्यहाँ अलिक पर खोला देखिन्छ र नहरलाई खोलामा विसर्जन गरिएको ठाउँको विपरीत दिशामा विशाल सरेह छ। धरतीको मुहारलाई नयाँ बालीले हरियो बनाएको छ। त्यहीं एकातिर धरतीको अनुहार मलीन देखिन्छ भने अर्कोतिर उज्यालो। नाकको डेडीजस्तो नहर छ, जसले त्यहाँ उदास र उत्साह सतहलाई छुट्याएको छ।

अनि नहरलाई कुल्चँदै र चीसो कठ्याङ्ग्रिदो हावासित पौठेजोरी खेल्दै पछ्याउन थाल्छौं साथीहरूलाई। निकै चल्तीको बाटो हो यो। अझ केही दशकसम्म त राष्ट्रिय वनबाट काठ ओसार्ने तस्करी मार्गको दुर्नाम पनि कमाएको मार्ग हो। तर अहिले लगभग सुनसान छ। वैकल्पिक बाटाहरूले व्यवस्थित रूप धारण गरिसकेका छन्। गणतन्त्रले सबैभन्दा बढी प्रगति सडक र भवनमा गरेको छ। देशको गरीबीलाई पनि बिस्तारै गणतन्त्रले हटाउँदैछ तर गणतन्त्रले जाडोलाई त कम गर्न सक्दैन। प्रकृतिको अगाडि कसैको केही चल्दैन। अहिले बाटो झन्डै सुनसान देखिएको चाहिं अत्यधिक जाडोको कारणले हो।

बस्तीहरू आउँछन् र पछाडि सर्छन्। सडक आउँछन्, हामी नाघ्दै अगाडि बढ्छौं। नहरको बाटो छ, एकनासले हिंड्न सक्ने छँदैछैन। अग्लो होचो बाटो, कतै बाक्लो गिट्टी बिछ्याइएको छ त कतै अलिक ठूला गिट्टी पनि छन्। कतै टचाक्टरले बाटो बिगारिसकेको छ। र पनि रोजेकै यही बाटो हो।

जाडोमा स्कूटर चलाउन गाह्रो होला भनेर अघि गरुडामा डेढ सय रुपैयाँमा हातेपञ्जा किनेको छु तर पहिलोचोटि पञ्जा लगाएर स्कूटर चलाउन सजिलो भएको छैन। चिप्लिने समस्या भइरहेको छ। ब्रेक हान्दा पनि समस्या र स्पीड बढाउन वा घटाउन पनि अप्ठ्यारो। फुकालेर सहज गतिमा चलाउन थाल्छु तर चीसोले सबैभन्दा बढी आक्रमण हातकै पञ्जामा गरिरहेको छ। जाडोसित अनेक किसिमका सङ्घर्ष गर्नुको आफ्नै मज्जा छ। यहाँ हार र जीतको पक्ष र प्रश्न होइन। सकेसम्म जोगिने प्रयास गरेकै हो तर लक्ष्यमा पुग्नु छ। लक्ष्यलाई डगमगाउन दिनुहुँदैन भन्नेमा दृढ पनि छौं। दृढताको यो यात्रा हो।

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**पहाड कसरी बनेको होला ? कसरी बन्दछ ? तर यहाँको पहाडको संरचनाको इतिहास धेरै लामो छैन। यदि अहिले नै यहाँ पुग्नुहुन्छ भने दुई वर्ष पहिले जन्मेको पहाडको इतिहास देख्न सक्नुहुन्छ, कसैले नबताए पनि यही पहाडले बताउँछ। सुन्न सक्नुपर्दछ बस।**

जङ्गलमा आजीविका गर्न जानेहरू भेटिन थाल्छन्। अझै पनि जङ्गलको भरमा पशुधन पाल्ने किसानहरू पर्याप्त छन्। सयौंको सङ्ख्यामा बाख्राका झुन्डहरू जङ्गलतिर गइरहेका छन्। खोइ यिनीहरूलाई जाडो ? तर गन्तव्य



नजीकिँदै छ भन्ने सङ्केत हो यो।

बस्ती र जङ्गल जोडिएको ठाउँ आइपुग्छ। त्यहींबाट नहर निकालिएको हो र यहींबाट पश्चिम मोडिनु छ। चार/पाँच किलोमिटर जङ्गलको बाटो हिंड्दछौं। केदार सरको स्कूटर सजिलो बाटो फन पार्क पुगिसकेको छ। हामी भने जङ्गल भएर जाने भनेरै आएका छौं। त्यसैले वन र मानिसको सम्बन्ध हेर्दै अगाडि बढ्दैछौं। अझै पनि वन छेउछाउका बासिन्दा धेरै किसिमले वनमाथि निर्भर छन्। यद्यपि पहिलेभन्दा निर्भरता घटेको छ। फेरि अलिक ठूलो छुटिएको छ नहर दक्षिणतिर। हामी त्यहीं नहरको बाटो मोडिन्छौं। केही मिनेटको हिंडाइपछि आइपुग्छ फन पार्क।

फन पार्क अहिल्यै हेर्दा प्राकृतिकजस्तो लाग्छ तर छ पूर्णयता कृत्रिम। कृत्रिम पहाड बनाइएको र कृत्रिम पोखरी पनि छ। के गरिएको छ भने पोखरी खन्दा निस्केको माटो एक ठाउँमा थुपारिएको छ। थुपारिएको माटो अन्दाजी तीसदेखि चालीस फिट अग्लो भएको छ। अग्लो भाग करीब पाँच कट्ठामा फैलिएको छ। पाँच कट्ठाभन्दा फराकिलो भाग टाढाबाट देख्दा सानो पहाडजस्तो देखिन्छ भने त्यसमाथि चढेर हेर्दा उच्च समस्थलीजस्तो लाग्छ। पूरै चतुष्कोणात्मक होइन न त त्रिकोणात्मक आकार नै छ उच्च समस्थलीको। माथि समस्थलीमा विभिन्न ठाउँमा बस्नको लागि ठाउँ बनाइएको छ र रङ्गिएका काठे फर्निचरहरू सजाइएका छन्। साना छाप्रा पनि छन्। त्यहाँ छाप्रो वा खुल्ला आकाशमा बसेर दृश्यावलोकन गर्न पाइन्छ। चारैतिर नीलो देखिने पोखरीको सफा पानी छ तल तल। पोखरीको करीब चारैतिर सडकजस्तो छ काँडेतारभित्र। पैदल, साइकल वा मोटरसाइकलले पोखरीको चारैतिर आनन्दको यात्रा गर्न सकिन्छ। उच्च समस्थलीमा राखिएको फलैंचामा बसेर तल पोखरीमा माछा खोज्दै उडेका बकुल्लाहरूलाई देख्न सकिन्छ। उडिरहेको बकुल्लाको सग्लो पानीमा सुन्दर प्रतिविम्बले मन लोभ्याउँछ। उत्तरतिर सखुवैसखुवाको प्राकृतिक वन छ। नक्कली पहाडमा उभिएर सक्कली जङ्गलको दर्शन गर्न पाउने सुन्दर र शान्त फन पार्कमा फलैंचामा पल्टेर साँच्चीकै शान्तिको अनुभूति गर्न सकिन्छ।

तल पोखरीको डिलमा पानीको छेउमा राखिएको फलैंचामा पल्टेर पनि यो आनन्दको मात्रा बढाउन सकिन्छ।

त्यहाँ पुग्नेहरू के बताउँछन् भने हावा नचलेको बखत पनि हावा लाग्दछ यहाँ। चारैतिर पानी भएको र अग्लो ठाउँ बनाइएको हुनाले गर्मीमा पनि शीतलताको अनुभूति हुनु स्वाभाविक हो।

यदि पहाडको बनोटको सन्दर्भ बुझ्न चाहनुहुन्छ भने पृथ्वीको उत्पत्तिदेखि विज्ञानको सिद्धान्तहरूको अध्ययन गर्नुपर्दछ। पहाड कसरी बनेको होला ? कसरी बन्दछ ? तर यहाँको पहाडको संरचनाको इतिहास धेरै लामो छैन। यदि अहिले नै यहाँ पुग्नुहुन्छ भने दुई वर्ष पहिले जन्मेको पहाडको इतिहास देख्न सक्नुहुन्छ, कसैले नबताए पनि यही पहाडले बताउँछ। सुन्न सक्नुपर्दछ बस। यस पहाडको निर्माणको कथा मैले सुनेको छु र सम्भवतः यसले सुनाउन आतुरता पनि देखाइरहेको छ यहाँलाई। यसले भनिनथाक्दै सुन्न पाउनु पनि सौभाग्य हो।

हामी सबैले साहित्यवाचन गर्दछौं। मातृभाषा बज्जिकामा कैयौं वर्षपछि मैले एउटा कविता लेखेको छु। अन्य विधामा कलम निरन्तर चलिरहेको छ तर कविता भने धेरै वर्ष भइसकेको छ नलेखेको भन्ने कुरो बताउँछु। नेपालमा बज्जिका भाषाको पहिलो कविताकृति प्रकाशन मेरै भएको छ तर पनि मैले यो कुरा बताउँदा भित्रभित्रै निकै अप्ठ्यारो अनुभव भएको छ।

काव्यपाठसँगै टोलीका दुई साना सदस्य फन पार्कभित्रै बनाइएको चिल्ड्रेन पार्कमा खेल्न जान्छन्। त्यहाँ बालबालिकाका लागि बनाइएको र बन्दै गरेको रुचिकारक अनेक कुरा रहेका छन्। एक घण्टाजति रमाउने राम्रो ठाउँ बनेको छ। बालबालिकाहरू खुशी हुन्छन्। हामीले चाहेको त खुशी नै हो नि।

नक्कली पहाडको उच्च समस्थलीमा थारू संस्कृतिसँग सम्बन्धित विभिन्न दर्शनीय कुरा राखिने र शिवको विशाल मूर्ति पनि राखिने सुनिन्छ।

यहाँ आउनेजति सब खुशी र सन्तुष्ट भएर फर्किन्छन्।

हिजो दिउँसो घाम लागेको थियो। आज शनिवार भएकोले घामले पनि बिदा लिएको छ। दिउँसोको तीन बज्न खोज्दैछ तर घामले अनुहार देखाउने सुरसार गरेको छैन।

हामी अब कटहरियाको बाटो फर्किने गरी त्यहाँबाट निस्कन्छौं।

# दहेजको ओतमुनि विलुप्त कानून

वरपक्षः सुनीं, मोटरसाइकल नायाँ चाहीं (सुन्नुस्, मोटरसाइकल नयाँ चाहिन्छ)।

वधूपक्षः (दुलहीको मामा अनुनयविनय गर्दै) सुनिना, जाथापाथा बहुत कम बा बहनोई साहेब लगे, तनी रहम करल जाँव (सुन्नुस् न, सम्पत्ति थोरै छ भिनाजुसँग, अलि विचार गर्नुहोस्)।

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**परापूर्वकालमा दहेजलाई सकारात्मक मान्यतासहित सुरुआत गरिएको पुरनियाँहरू बताउँछन्। त्यति बेला दहेज तय गरी विवाह गर्ने चलन थिएन। माइती पक्षले आफूखुशी छोरीलाई ‘बाएन’ (कोसेली) दिने परम्परा थियो। माइतीपक्षको लागि छोरी जहिल्यै पनि मान्यवर हुन्।**

वरपक्षः (वरका फुफाजु चुरोटको धूवाँ मुख र नाकबाट फाल्दै) अपने के पाता बा ? (कन्याको बुबालाई औंला देखाउँदै, रुखो स्वरमा) ऐथी वाला आइल रहलन त का–का देत रलन, ओतना त कह दियाई त अपने सकबे ना करेम (तपाईंलाई थाहा छ ? फलानो आएका थिए त के–के दिन भनेका थिए, त्यति बताइदियो भने त तपाई सक्दै सक्नुहुन्न)।

वधूपक्षः (दुलहीका बुबा गम्छाले अनुहार पुच्छ्दै) सम्धीजी। (लवज अवरुद्ध हुन थालेपछि, भुइँतिर हेर्दै) बच्ची हमर शिक्षित हिं ना सुशील भी बिया। अपने के घर के लायक बिया। कृपा कर के स्वीकार करीं। खातिरदारी में कौनो कमी ना होखे देहेम। (छोरी मेरो शिक्षित मात्र होइन सुशील पनि छिन्। तपाईंको घरको लायक छिन्। कृपया स्वीकार गर्नुहोस्। स्वागतमा कुनै कमी हुन दिने छैन।)

माथि उल्लिखित संवादजस्तै देहातमा दहेजको विषयमा वाद प्रतिवाद हुने गर्दछ। शिक्षित वर्गका पक्की घरहरूको बन्द कोठाभित्र हुने संवाद झन् अकल्पनीय नै भन्नुपर्छ। आफूलाई देशको नीति निर्माताको लाममा उभ्याइरहने पात्रहरूको दहेज, विवाह र भव्य भोजभतेरको सवालमा कानून मिचाइलाई वर्णन गर्नु वा शब्दमा कोर्नु असाध्य छ। पहिलो विडम्बना, जो दहेज माग गर्ने कार्यमा बढी उद्यत छन्, उनीहरू स्वयम् आफ्नी बहिनी/छोरीको विवाहमा भ्याएसम्म दहेज प्रथाको विरोध गर्छन्। दोस्रो, बहिनी/छोरीको विवाहमा दिएको दहेजभन्दा दोब्बर/तेब्बर दहेज भाइ/छोराको विवाहमा माग गर्ने मानसिकता बढ्दो छ। तेस्रो, छिमेकीभन्दा आफूलाई अब्बल देखाउने प्रवृत्तिले पनि दहेजप्रथा झाङ्गिदै गइरहेको छ।

मोटरसाइकल कहिया ले कसाई ? नगदी पैसा कबले देहेम ? लडका के कपडा आ सिलाई के पैसा अभी तक काहे ना देनी ? बियाह कैसे होइ ? लगायतका प्रश्नहरू वैवाहिक लगन शुरू भएसँगै केटीपक्षलाई तारम्तार केटापक्षबाट ताकेता गर्नु नौलो विषय होइन। सामाजिक विकृतिहरूमध्ये दहेज (दाइजो) प्रथा पनि एक हो। दहेजप्रथा सामाजिक रोग मात्र होइन, यो महारोग हो। यो वा त्यो बहानामा दहेजप्रथाले कोरोना भाइरसजस्तै अदृश्यरूपमा समाजलाई क्षतविक्षत पारिरहेको छ।

**पिताको पीडा**

एक कन्याका पिताले पोखेको दुःखेसो यहाँ प्रस्तुत गर्न उपयुक्त हुन्छ। संवेदनशीलतालाई मध्यनजर गरी ती पिताको नाम र वतन उल्लेख गरिएको छैन। ६ सय बनिहारी (ज्याला)मा परिवार पालिरहेका ती मजदूर पिताको भनाइ अत्यन्तै मर्मस्पर्शी छ। उनी पर्साको ग्रामीण क्षेत्रका बासिन्दा हुन्। उनी भन्छन्, “जेठी छोरीको विवाह गर्न लागेको छु। दाइजोमा एक नयाँ मोटरसाइकल र नगदीसमेत गरी करीब आठ लाख खर्च हुने अनुमान छ।” उनी तीन छोरी र एक छोराका बुबा हुन्। सम्पत्तिको सवालमा उनीसँग ७ कट्ठा खेत, एक खपडाको घरसहित ५ धुर घडेरी छ। ७ कट्ठा खेतको अन्नले ६ जनाको परिवार पाल्न सम्भव छैन। विवाहको समग्र खर्च बेहोर्ने क्रममा कम्तीमा पनि उनले दुई कट्ठा खेत बिक्री गर्नुको विकल्प छैन। यसरी तीन छोरीको विवाह गर्दासम्म उनीसँग भएको खेत दहेजमा स्वाहा हुन्छ। अब उनीसँग ६ धुर घडेरी र ओत लाग्ने एक घरबाहेक केही पनि रहँदैन। दुई छाकको भोजन, औषधि, लत्ताकपडा आदिको पूर्ति ६ सय रुपैयाँको बनिहारीले सम्भव देखिंदैन। यद्यपि छाक टार्नको लागि उनले वर्षको ३६५ दिन मरीमरी काम गर्नुपर्छ। बिरामी परेमा परिवार भोकै बस्नुको विकल्प छैन।

यो त प्रतिनिधि उदाहरण मात्र हो। मालवस्तु सरह मोलमोलाइ गरी अत्यधिक दहेज लिएर छोरा बिक्री गर्ने प्रवृत्ति नै ‘दहेजप्रथा’ हो। वधुपक्षमाथि बज्रपात हुनेगरी दहेज लिएर वरपक्ष कसरी खुशियाली मनाउँदो होला ? आश्चर्यलाग्दो छ। यो सामाजिक कुरीतिले पिताहरूमा चिन्ता बढ्ने, मानसिक तनाव हुने, दीर्घ रोगी हुने र अल्पायुमैं दिवङ्गत हुने अदृश्य अवस्था विद्यमान छन्। दहेजप्रथाले कोरोना भाइरसजस्तै समग्र समाजलाई सङ्क्रमित तुल्याइरहेको छ।

**पुरातनकालमा ‘कोसेली’**

परापूर्वकालमा दहेजलाई सकारात्मक मान्यतासहित सुरुआत गरिएको पुरनियाँहरू बताउँछन्। त्यति बेला दहेज तय गरी विवाह गर्ने चलन थिएन। माइती पक्षले आफूखुशी छोरीलाई ‘बाएन’ (कोसेली) दिने परम्परा थियो। माइतीपक्षको लागि छोरी जहिल्यै पनि मान्यवर हुन्। माइतीबाट छोरी बिदाइ हुँदाका बखत बाएनसहित बिदाइ गर्ने चलन पहिले पनि थियो र अहिले पनि छ। र यो सदीयौंदेखिको स्थापित चलन हो। मानव सभ्यताको विकाससँगै ‘कोसेली’ नै ‘दहेज’को स्वरूपमा विकसित भएको पुरनियाँहरू बताउँछन्। अहिले दहेजले विकृतिको रूपमा जरा मात्र गाडेको छैन, झाङ्गिदै गइरहेको छ।

पुरातनकालमा अपवादबाहेक प्रायः बालविवाह नै हुन्थ्यो। विवाहका बेला बेहुला–बेहुली सानो उमेरको भएकाले नयाँ जीवन शुभारम्भ गर्ने हेतुले केटीपक्षले उपहार स्वरूप गरगहना, लत्ताकपडा, भाँडाकुँडा, फर्निचर, अन्न आदि दिएर छोरीलाई बिदाइ गर्ने प्रचलन थियो। गरगहना दिनुको मुख्य उद्देश्य भनेको आर्थिक सङ्कट परेको बेला दम्पतीले गरगहना बन्धकी राखेर वा बेचेर समस्या समाधान गर्ने अभिप्राय थियो। यही सोचका कारण मातापिताले छोरीको जीवन आरम्भको अभिप्रायले गच्छे अनुसारका सामग्रीसहित ‘कन्यादान’ गर्दथे। अहिले बालविवाह कानूनतः निरुत्साहित छ। शिक्षा, नोकरी र परिपक्व उमेरमा केटाकेटीको बिहे हुन थालेको छ। तसर्थ दहेजप्रथा आजको परिवेशमा लाजमर्दो कुरा हो। विगतका सकारात्मक सुरुआत अहिले विकृतिको रूपमा फैलिइरहेको छ। सूर्यलाई बादलले ढाकेजस्तै हाम्रो मूल संस्कृति आधुनिकताको परतमुनि विलुप्त हुने क्रममा छ। ‘कन्यादान’ किन ‘दहेजदान’मा आधारित हुन थालेको छ ? दोषी कसलाई मान्ने ? हामीहरू आफैंसँग प्रश्न गरौं।

दहेजप्रथाबारे विभिन्न क्षेत्रका व्यक्तित्वहरूसँग गरिएको कुराकानीको संक्षिप्त अंश प्रस्तुत छ।

**रामनारायण कुर्मी (अधिवक्ता)**



दहेज, विवाह र जन्ती नियन्त्रणसम्बन्धी कानून छ। सामाजिक व्यवहारमा सुधार गर्न ‘सामाजिक व्यवहार (सुधार) ऐन, २०३३’ बनेको छ। सामाजिक व्यवहार भन्नाले विवाह, व्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारन, जन्मदिवस, छैठी (छठियार), बूढो–पास्नी र पितृ–कार्य समेतलाई जनाउँछ।

यो ऐन सकारात्मकरूपमा कार्यान्वयन गर्ने हो भने दहेजप्रथा र विवाहसँग सम्बन्धित कुरीतिहरू निर्मूल गर्न सकिन्छ। तर यसको लागि राज्यपक्षबाट उत्तरदायित्वसहित तदारूकता आवश्यक छ। यदि राजनीतिक दल सही अर्थमा समाजको भलोका निम्ति तत्पर छन् भने कानून पालनाको सवालमा सबैभन्दा पहिले उनीहरूले आफैंबाट सुरुआत गरेर देखाउनुपर्छ।

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ मा अङ्कित कानूनी प्रावधानहरूमध्ये केही बुँदाहरू प्रस्तुत छन्।

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ३ को तिलकमा नियन्त्रण को उपदफा ‘(१) विवाह हुँदा तिलक लिन दिन हुँदैन।’ उल्लेख छ।

त्यस्तै, ऐ. ऐनको दफा ५ दाइजोमा नियन्त्रणको उपदफा (१) ‘विवाह हुँदा वा विवाहपछि दुलहीपक्षबाट दुलही वा दुलहालाई यति नगद, जिन्सी, दाइजो, दान, बकस, भेंटी, बिदाइ उपहारसमेत जुनसुकै रूपमा दिनुपर्छ भनी दुलहापक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्नुहुँदैन र दाइजो दिएन भनी दुलहापक्षले टन्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही बिदाइ गराइ साथ नलग्न वा दुलही पछि मात्र बिदाइ गराइ लग्ने प्रथा भएकाहरूले पछि बिदाइ गराइ लग्न इन्कार गर्नुहुँदैन।’ उपदफा (२) मा ‘विवाह हुँदा जीउमा लगाएको एकसरो गहनाबाहेक आफ्नो कुल परम्परा अनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन हुन्छ।’

त्यस्तै, ऐ. ऐनको दफा ७ जन्तसम्बन्धी नियन्त्रणको उपदफा (१) ‘बाजावालालगायत ५१ जनाभन्दा बढी बरियात लान हुँदैन’, उपदफा (२) ‘जन्तमा कुनै प्रकारको भाडावाल नाच लग्न हुँदैन’,

(बाँकी चौथो पातामा)



२८५७औं सोनाम ल्होसारको अवसरमा मुसा वर्षलाई बिदाइ गर्दै गाई वर्षको स्वागत गर्दै ठोरीका तामाङ समुदाय । यस दिन तामाङ समुदायले नयाँ वर्षको स्वागत गर्न घरअगाडि दर्ज्यू र लुङ्दर भन्ने बौद्ध झन्डा लामा गुरुबाट फेर्ने गर्छन् । तस्वीरः माधव तिमल्सिना

# सामुदायिक विद्यालयमा क्वेस्ट फर्मास्यूटिकल्सको विज्ञान प्रयोगशाला

राधेश्याम पटेल, वीरगंज, ३० माघ/

वीरगंज-पथलैया औद्योगिक कोरिडोरको छातापिपरामा सञ्चालित औषधि उत्पादक कम्पनी क्वेस्ट फर्मास्यूटिकल्स प्रालिले रौतहटको एक सामुदायिक विद्यालयमा आधुनिक विज्ञान प्रयोगशाला बनाएको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत सो उद्योगले रौतहटको राजदेवी-७ स्थित नेमधारी वासुदेव माध्यमिक विद्यालय मुडवलवामा ७ लाख रुपैयाँको लागत र प्राविधिक सहयोगमा आधुनिक विज्ञान प्रायोगशाला स्थापना गरेको हो । प्रयोगशालाको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले उद्घाटन गरेपछि क्वेस्टका पदाधिकारीहरूले यादवलाई प्रयोगशालाको साँचो हस्तान्तरण गरेका थिए ।

उद्योगले विगतमा पर्साका दुईवटा सरकारी विद्यालयमा आधुनिक विज्ञान प्रयोगशाला हस्तान्तरण गरिसकेको छ ।




तस्वीरः प्रतीक

विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरेका थिए । विद्यालय परिसरमा आयोजित कार्यक्रममा क्वेस्टका महाप्रबन्धक (क्वालिटी अपरेशन) कमलेशकुमार दत्त र मानव संसाधन प्रबन्धक अनिल जैसवालले संयुक्तरूपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामेश्वरप्रसाद

तराई-मधेसको विद्यालय शिक्षालाई माथि उकास्नको लागि सरकारी विद्यालयलाई प्रयोगशाला सहयोग गरी सञ्चालन गराउने उद्योगको रणनीति रहेको उद्योगका निर्देशक पृथ्वी राजभण्डारीले बताए । यसअघि पर्साको सिद्धार्थ माध्यमिक विद्यालय र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सथवलमा आधुनिक विज्ञान प्रयोगशाला बनाइसकिएको छ ।

रौतहटमा शुक्रवार सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष रवीन्द्र साह, विद्यालयका प्रधानाध्यापक रविशङ्कर रायलगायतको सहभागिता थियो । उक्त विद्यालयमा करीब १४ सय छात्रछात्रा र ३५ जना शिक्षकशिक्षिका छन् । आधुनिक विज्ञान प्रयोगशालाको अभावमा माथिल्लो तहका छात्रछात्राहरूलाई प्रयोगात्मक विज्ञानमा समस्या हुँदै आएको थियो ।




# खेलकुदको संसार

## तेस्रो पर्सागढी गोल्डकपको तयारी पूरा

प्रस, बिरुवागुठी, ३० माघ/

पर्सागढी नगरपालिका वडा नं ३ बडनिहारको खेलमैदानमा फागुन १ गतेदेखि हुन गइरहेको तेस्रो पर्सागढी गोल्डकपको तैयारी पूरा भएको छ ।

आमोदेवी युवा स्पोर्ट्स क्लब पर्सागढी नगरपालिका-३ पकडिया बडनिहारको आयोजनामा हुन गइरहेको गोल्डकप फूटबल प्रतियोगिताको लागि फिल्ड व्यवस्थापन तथा खेलाडीहरूको लागि खाना तथा बासको व्यवस्थापनदेखि लिएर गोल्डकपको सम्पूर्ण तयारी पूरा भएको आयोजक कमिटीका अध्यक्ष शम्भुदास थारूले बताए ।

प्रतियोगितामा युनाइटेड क्लब वीरगंज, मकवानपुर-११ हेटौंडा, हर्दी युवा समाज राप्ति चितवन, फ्युजन फूटबल क्लब उदयपुर गाईघाट, वीरगंज युथ एकेडेमी, वाग्मती युवा क्लब सर्लाही, सशस्त्र प्रहरी क्लब बर्दिबास र आयोजक आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहार सहभागी हुने बताइयको छ । भोलि उद्घाटन खेल मकवानपुर- ११ हेटौंडा र युनाइटेड क्लब वीरगंजबीच हुने आयोजकले बताएको छ । गोल्डकपको विजेता टीमलाई रु १ लाख ५ हजार र उपविजेता टीमलाई ५५ हजार नगदसहित ट्रफी प्रदान गरिने आयोजक कमिटीका कोषाध्यक्ष नन्दलाल चौधरीले बताए ।

## राष्ट्रिय महिला लिगमा पुलिस क्लब विजयी

काठमाडौं, ३० माघ/रासस

राष्ट्रिय महिला लिग फूटबलको दोस्रो चरण अन्तर्गत शुक्रवार भएको खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा पुलिस क्लबले चन्द्रपुर नगरपालिकालाई ३-० गोलअन्तरले पराजित गरेको हो । पुलिसका लागि सृजना खड्का, रेखा पौडेल र निर्मला विकले एक/एक गोल गरे । मध्यान्तरअघिको खेलमा पुलिस क्लबले १-० गोलको मात्र अग्रता लिएको थियो । खेलको सातौं मिनेटमा खड्काले पहिलो गोल गरिन् ।

मध्यान्तरपछिको खेलमा पुलिसले थप दुई गोल गरेको थियो । खेलको ५४औं मिनेटमा विकले गोल गर्दै पुलिसलाई २-० को स्थितिमा पुर्‍याइन् । यस्तै, खेलको ८५औं मिनेटमा पौडेलले गोल गर्दै पुलिसलाई ३-० गोलअन्तरले विजयी दिलाइन् । पुलिस हालसम्म नौ खेलमा १४ अङ्क जोड्दै लिगको चौथो स्थानमा रहेको छ । यस्तै, चन्द्रपुर नौ खेलमा ६ अङ्कका साथ लिगको छैटौं स्थानमा छ ।

# निजगढका युवा प्रतिभाहरू पुरस्कृत

प्रस, निजगढ, ३० माघ/

निजगढमा युवा प्रतिभा पहिचान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा तीन विधामा तीनजना पुरस्कृत भएका छन् ।

पुरस्कृत हुनेहरूमा गायनकलातर्फ प्राप्ति बज्यू, नृत्यकलातर्फ सम्झना पाख्रिन र उद्घोषण कलातर्फ हेमन्त लो उत्कृष्ट भएका हुन् । उनीहरूलाई कार्यक्रममा निजगढका प्रमुख सुरेशकुमार खनाल र उपप्रमुख लीलादेवी लामिछानेले प्रमाणपत्र, मेडल, नगद प्रदान गरेका थिए ।

कार्यक्रममा नगरप्रमुख खनालले प्रतिभालाई यसरी नै पहिचान गरी उनीहरूको क्षमता, प्रतिभाहरूलाई बाहिर ल्याउने कार्य प्रशंसायोग्य रहेको बताए । कार्यक्रममा उपप्रमुख लामिछानेले वडाको यस कार्यलाई अनुसरण गर्दै अरू वडामा पनि युवाहरूका प्रतिभा पहिचान गरी उनीहरूको रुचिलाई विकास गर्नुपर्ने बताइन् ।

कार्यक्रममा निजगढ-१० का अध्यक्ष



तस्वीरः प्रतीक

पद्मबहादुर मोक्तान, युवा समाजसेवी पेमासिद्धि लामा, प्रशिक्षक तथा निर्णायक भाइकाजी श्रेष्ठ, पत्रकार जीतलाल श्रेष्ठ, राम लामालगायतले मन्तव्य व्यक्त गरेका थिए । सो अवसरमा गायिका सञ्जीता सिंह र सहभागी कलाकारहरूले गायन, नृत्य कलासमेत प्रस्तुत गरेका थिए ।

निजगढ-१० वडा कार्यालयको ३ लाख रुपैयाँको आर्थिक सहयोगमा निजगढ क्रिएटिभ स्कील डेभलपमेन्टको संयोजनमा एक सातासम्म परीक्षण गरिएको थियो । निजगढ क्रिएटिभ स्कील डेभलपमेन्टका सहसञ्चालक हरि गौतमले स्वागत गरेको कार्यक्रम क्रिएटिभ स्कीलका सञ्चालक विष्णुप्रसाद रिसालको अध्यक्षतामा भएको थियो ।

कार्यक्रमका संयोजक बलराम खड्काले सहजीकरण गरेको कार्यक्रममा सहभागी ४० जना युवा प्रतिभामध्ये विभिन्न विधामा तीनजना उत्कृष्ट घोषित भएका थिए ।

# कटुवा पेस्तोलसहित युवक पक्राउ

प्रस, वीरगंज, ३० माघ/

कटुवा पेस्तोलसहित एकजना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका-२५ श्रीसिया निवासी २४ वर्षीय उपेन्द्र साह रहेको प्रहरीले जनाएको छ । भारतबाट नेपालतर्फ मोटरसाइकलमा आइरहेका उपेन्द्र साहलाई प्रहरीले श्रीसियामा चेकजाँच गर्दा उनको साथबाट कटुवा पेस्तोल एक थान बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

# क्यान्सरपीडित बलामीलाई आर्थिक सहयोग

प्रस, ठोरी, ३० माघ/

आन्द्राको क्यान्सरबाट पीडित ठोरी गाउँपालिका-३ ब्रह्मनगरकी कुन्ती बलामीको उपचारको लागि आर्थिक सहयोग अभियान शुरू भएको छ ।

वडाध्यक्ष सूर्य लामाको अध्यक्षतामा बसेको स्थानीयहरूको बैठकले शुक्रवारदेखि सहयोग अभियान शुरू गरेको हो । बलामीको उपचारमा



बलामीलाई आर्थिक सहयोग गर्दै । तस्वीरः प्रतीक

हालसम्म १८ लाख रुपैयाँ खर्च भइसकेको र आर्थिक स्थिति दयनीय भएपछि उनको जीवनरक्षाको लागि अभियान शुरू गरेको वडाध्यक्ष लामाले बताए ।

अभियान अन्तर्गत आज वडाध्यक्ष लामाले रु ५ हजार, ब्रह्मनगरका राजबहादुर श्रेष्ठले रु १६ सय, गोपीलाल विष्टले रु १ हजार, पञ्चबहादुर श्रेष्ठले रु १५ सय, कुलबहादुर श्रेष्ठले रु ११ सय र पृथ्वी श्रेष्ठले रु १ हजार आर्थिक सहयोग गरेका थिए ।

त्यस्तै, ठोरी गापा-३ का वडासदस्य भीमकुमारी श्रेष्ठले रु १५ सय, सूर्यबहादुर थिङ, इन्द्रबहादुर खड्का, राजन श्रेष्ठ, कृष्णबहादुर श्रेष्ठ, कृष्ण तामाङ, ईश्वर कार्कीले रु १/१ हजार, शिवप्रसाद खतिवडाले रु ५ सय सहयोग गरेको वडाध्यक्ष लामाले जानकारी गराए । उनले लामाको जीवनरक्षाको लागि राष्ट्रिय वाणिज्य बैंक सुवर्णपुर शाखामा रहेको खाता नं १९१०१००००७७७०१० मा सहयोग गर्न अपील पनि गरेका छन् ।

# अपहरण र लागूऔषध मुद्दाका फरार पक्राउ

प्रस, रौतहट, ३० माघ/

इलाका प्रहरी कार्यालय गरुडाले अपहरण र लागूऔषध मुद्दाका फरार दुईजनालाई पक्राउ गरी अदालतमा पेश गरेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

अपहरण तथा शरीर बन्धक मुद्दा लागेपछि फरार रहेका गुजरा नगरपालिका-७ बस्ने ३७ वर्षीय महमद्दीन अन्सारी र लागूऔषध मुद्दा लागेपछि फरार भएका चन्द्रपुर नगरपालिका-६ बस्ने ३० वर्षीय सञ्जीव ठोकरलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेकामा अदालतले कैद सजाय भुक्तानको लागि कारागार चलान गरेको जिप्रका रौतहटले जनाएको छ ।

# सालको गोलियासहित एकजना पक्राउ

प्रस, पर्सागढी, ३० माघ/

सबडिभिजन वन कार्यालय मधुवन मथवल बढनिहारको गस्ती टोलीले गएराति सालको गोलियासहित एकजनालाई पक्राउ गरेको छ ।

ना.३७प ३०७ नम्बरको मोटरसाइकलमा चार क्युफिट सालको गोलिया लैजाँदै गरेका पर्सागढी नगरपालिका-७ निवासी अफजल अन्सारीलाई पर्सागढी नपा-९ बाट पक्राउ गरेको वन गस्ती टोलीका रामाशिष कुर्मीले बताए ।

पक्राउ परेका अन्सारी, काठ र मोटरसाइकल कारबाईका लागि मधुवन मथवल बढनिहारमा राखिएको उनले बताए ।